# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः२० मितिः २०८०।०३।११

## भाग-२

## इनरुवा नगरपालिका

### जेष्ठ नागरिक कल्याण तथा व्यवस्थापन समिति गठन कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।०९

प्रमाणीकरण मितिः २०८०।०३।११ गते

# जेष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति गठन कार्यविधि, २०८०

**प्रस्तावनाः**

इनरुवा नगरपालिका क्षेत्र भित्र जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्ने, निजहरुमा रहेको ज्ञानसीप, क्षमता र अनुभवलाई सदुपयोग गरि निजहरुप्रति श्रद्धा तथा सद्भाव अभिबृद्धि गर्नका लागि इनरुवा नगरपालिकास्तरीय जेष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति गठन गरि कार्य सञ्चालन गर्न वाञ्छनीय भएकोले,

इनरुवा नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “जेष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति गठन कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) "जेष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पूरा गरेका नेपाली नागरिक सम्झनुपर्छ ।

ख) “नगरपालिका” भन्नाले इनरुवा नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) “नगर प्रमुख” भन्नाले इनरुवा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) “उप प्रमुख” भन्नाले इनरुवा नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले इनरुवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

च) “संजाल” भन्नाले इनरुवा नगरपालिकाको नगरस्तरीय जेष्ठ नागरिक सञ्जाललाई सम्झनुपर्छ ।

छ) “समिति” भन्नाले इनरुवा नगरपालिकाको नगरस्तरिय जेष्ठ नागरिक कल्याण र व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## जेष्ठ नागरिक कल्याण र व्यवस्थापन समितिको गठन

**३. जेष्ठ नागरिक कल्याण र व्यवस्थापन समितिको गठनः**

(१) इनरुवा नगरपालिका क्षेत्र भित्रका जेष्ठ नागरिकहरुको हक र अधिकार सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न नगरपालिकास्तरिय जेष्ठ नागरिक कल्याण र व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहायबमोजिम रहनेछ ।

क. प्रमुख		- अध्यक्ष

ख. उपप्रमुख -सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
घ. सामाजिक विकास समिति संयोजक -सदस्य
ङ. नगरस्तरिय जेष्ठ नागरिक नागरिक संजालका अध्यक्ष -सदस्य
च. जेष्ठ नागरिक हेर्ने संघ संस्थाबाट नगरको अध्यक्षले तोकेको प्रतिनिधि -सदस्य
छ. कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्य –सदस्य
ज. स्वास्थ्य विकास शाखा प्रमुख -सदस्य
झ. महिला विकास उपशाखा प्रमुख -सदस्य सचिव

**४. <u>जेष्ठ नागरिक कल्याण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः</u>**

समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) इनरुवा नगरपालिकाभित्रका जेष्ठ नागरिकहरुको लगत संकलन गर्ने, अभिलेख राख्ने र लगत तथा अभिलेख अध्यावधिक गर्ने ।

(ख) जेष्ठ नागरिकहरुको संरक्षण र सामाजिक सुरक्षाको निमित्त चेतना अभिवृद्धि गराउने ।

(ग) जेष्ठ नागरिकहरुको हक, हित र अधिकारका लागि इनरुवा नगरस्तरिय सरोकारवाला निकायहरु बिच मन्वय गर्ने र जेष्ठ नागरिकको क्षेत्रमा काम गर्न उत्प्रेरित गर्ने ।

(घ) जेष्ठ नागरिकको अधिकार हनन भएका घटनाका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कारवाहीमा आवश्यक सहयोग गर्ने ।

(ङ) इनरुवा नगरपालिकाभित्रका जेष्ठ नागरिकहरुको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्ने ।

(च) नगरपालिकास्तरिय जेष्ठ नागरिक संजाललाई प्रवचनात्मक, मनोरन्जनात्मक एवं अध्ययन, चिन्तन भिडियोग्रफी निर्माण, सामाजिक जनचेतना लगायत आफ्नो पक्षमा वकालत गर्ने मञ्चको रुपमा विकास गर्ने ।

(छ) जेष्ठ नागरिकहरुको उचित आदर सम्मान र सेवा दिन कार्यक्रम संचालन गर्ने ।

(ज) जेष्ठ नागरिक कोष संचालन गर्ने ।

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**५. <u>समितिको बैठक सम्बन्धी अन्य व्यवस्थाः</u>**

१. संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्ने ।

२. कम्तिमा ४ महिनामा एक पटक बैठक बस्नेछ। आवश्यकता अनुसार अन्य समयमा समेत बैठक बस्न सक्नेछ ।

३.समितिको सचिवले बैठक बस्ने मिति, समय र स्थान तोकी २४ घण्टा अगावै सबै सदस्यलाई पत्राचार गर्ने ।

४. आवश्यकता अनुसार बैठक बेला पनि बस्न सक्नेछ ।

५. समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

६. समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

७. समितिले आवश्यकता अनुसार सम्बन्धित निकायका प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद - ३

**५. इनरुवा नगरपालिका स्तरिय जेष्ठ नागरिक संजाल गठनः**

(क) नगरपालिकामा कम्तीमा ११ सदस्यीय नगरस्तरीय जेष्ठ नागरिक संजाल रहनेछ ।

(ख) सञ्जालमा नगरका प्रत्येक वडाको प्रतिनिधित्व हुने गरि प्रत्येक वडाबाट कम्तिमा एक जना सदस्य हुनेछन् ।

(ग) प्रत्येक वडाबाट प्रतिनिधित्व गरेका जेष्ठ नागरिकहरुले आफुहरुमध्येबाट संजालको अध्यक्ष छनौट गर्नेछन् ।

(घ) संजाल गठन गर्दा समावेशी हुनुपर्नेछ ।

(ङ) संजालको गठन देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| १. | अध्यक्ष |
| २. | उपाध्यक्ष |
| ३. | सचिव |
| ४. | सह सचिव |
| ५. | कोषध्यक्ष |
| ६. | सदस्य |
| ७. | सदस्य |
| ८. | सदस्य |
| ९. | सदस्य |
| १०. | सदस्य |
| ११. नगरपालिकाको महिला वालबालिका शाखाको कर्मचारी | सदस्य सचिव |

**६. संजालको काम,कर्तव्य र अधिकारः** संजालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जेष्ठ नागरिकको संरक्षण, सामाजिक सुरक्षा लगायतका विषयमा नगरपालिकालाई सल्लाह सुझाव दिने ।

(ख) नगरले जेष्ठ नागरिकको लक्षित कार्यक्रम संचालन गर्दा सहयोग एवं सहजीकरण गर्ने ।

(ग) नगर क्षेत्रभित्र कुनै जेष्ठ नागरिकको हक अधिकार प्रतिकूल हुने कुनै कार्य भएको थाहा पाएमा आवश्यक कारवाहीको लागि नगरपालिकालाई जानकारी गराउने ।

(घ) जेष्ठ नागरिकहरुका लागि हित हुने खालका कार्यक्रमहरु संचालन गर्ने ।

**७. प्रत्येक वडामा वडास्तरीय जेष्ठ नागरिक संजाल गठन हुनेछः**

(क) संजाल गठन गर्दा समावेशी हुनुपर्ने छ ।

(ख) संजालको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| १. | अध्यक्ष |

२.	उपाध्यक्ष
३.	सचिव
४.	सह सचिव
५.	कोषाध्यक्ष
६.	सदस्य २ जना

**८. <u>बैठक भत्ताः</u>** यस समिति संयोजक र सदस्यहरुले बैठकमा सहभागी भए बापत नगरपालिकाको नियमानुसार यातायात र खाजा खर्च पाउनेछन् ।

**९. <u>प्रतिवेदन पेश गर्नेः</u>** समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

**१०. <u>विविधः</u>** यो कार्यविधि लागू हुनुभन्दा अघि भए गरेका कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत